# नेपाल वन निगम लिमिटेड

शाखा कार्यालय, हेटौडा (हाल भरतपुर)

## चिरान काठ तथा अफसाईज लिलाम विक्री सम्वन्धीको विस्तृत सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०३/०५**

**दोश्रो पटक सूचना प्रकाशित मिति : २०८२/०६/२१**

**तेश्रो पटक सूचना प्रकाशित मिति : २०८२/०९/१८**

यस शाखा कार्यालय अन्तरगत तपसिलको स्थानमा उल्लेखित साल जातको चिरान काठ तथा अफसाईजको लिलाम बढाबढको माध्यमबाट शिलवन्दी बोलपत्रद्धारा बिक्री वितरण गर्नुपर्ने भएकोले नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।०९।१८ गते प्रकाशित सूचना अनुसार साल जातको चिरान काठ तथा अफसाईज खरिद गर्न इच्छुक वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भई रीतपूर्वकको भ्याट दर्ताको प्रमाणपत्र प्राप्त काष्ठ व्यवसायी फर्म, कम्पनी वा संघ संस्थाहरुबाट शिलवन्दी बोलपत्र आव्हानको विस्तृत सुचना सम्वन्धीत सवैको जानकारीको लागी आव्हान गरिएको छ ।

१. नेपाल समाचारपत्रमा सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अर्थात् मिति २०८२।०९।२४ गतेसम्म बोलपत्रपत्र फारम वापत् दस्तुर रु.१००० (फिर्ता नहुने) गरी बुझाई यस शाखा कार्यालय तथा नेपाल वन निगम लिमिटेड केन्द्रिय कार्यालय बबरमहल, काठमाडौंमा कार्यालय समय भित्र बोलपत्र खरिद गर्न पाईनेछ । खरिद गरेको बोलपत्र रितपूर्वक भरी शिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२।०९।२५ गते कार्यालय समय सम्मबोलपत्र खरिद गरेको कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ ।

२. सम्वन्धीत शाखा एवं अन्य कार्यालयहरुमा रितपूर्वक दाखिला भएका बोलपत्रहरु यस शाखा कार्यालयमा बोलपत्र दाखिला भएको (छौंटौ) दिन अर्थात मिति २०८२।०९।३० गते दिनको २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निज अनुपस्थित रहे पनि नियम अनुसारको प्रतिनिधिहरुको रोहवरमा दर्ता भएका वोलपत्रहरु यस शाखा कार्यालयमा खोलिने छ ।

३. बोलपत्रदाताले सकार गरेको रकमको १०% का दरले हुने रकम धरौटी स्वरुप बोलपत्र फारममा उल्लेख गरिएको एन.एम.वि.बैंक लि. बवरमहल शाखा हि.नं. ००१००६००१६७६८७००००01 खातामा दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको ६ महिनाको बैंक ग्यारेन्टीको सक्कलै कागजात सहित फर्म दर्ताको प्रमाण पत्र, मु.अ.कर. प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्र समेतको प्रमाणित प्रतिलिपी अनिवार्य रुपले बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

४. धरौटी स्वरुप नगद, चेक वा ड्राफटबाट पेश भएको धरौटीलाई मान्यता दिईने छैन ।

५. बोलपत्र दाताले कार्यालयबाट प्रमाणित भएको बोलपत्र फारम मात्र खरिद गर्नु पर्नेछ ।

६. बोलपत्र दाताले आफुले खरिद गर्न चाहेको प्रतेक लटको छुटा छुटै बोलपत्र फारम रितपूर्वक भरी छुटा छुटै लट नं. उल्लेख गरि शिलबन्दी गरी दाखिला गर्नु पर्नेछ ।

७. शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गरि बिक्री गरिने चिरान काठ जे जस्तो अवस्थामा छ । नियमानुसार विल काटी नेपाल अधिराज्यभर लैजान पाईनेछ ।

८. मु.अ.कर तथा अन्य नियमानुसार लाग्ने कर महसुल बोलपत्र दाता स्वयम्ले व्यहोर्नु पर्नेछ ।

९. शर्त राखी म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. वोलपत्रमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

११. बोलपत्र खरिद, दाखिला तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट क्रमशः म्याद कायम हुनेछ ।

१२. सवै भन्दा बढी रकम सकार गर्ने सकारकर्ताको सकार अंकको १०% धरौटी रकम सम्म घटी रकम सकार गर्ने दोश्रो सकारकर्ताको धरौटी रोकिने छ र प्रथम सकारकर्ताले म्याद भित्र सकार रकम र सो मा लाग्ने कर समेत

क्रमशः

दाखिला नगरेमा निजको धरौटी जफत गरि दोश्रो सकारकर्ताको बोलपत्र स्वीकृत गरि रकम जम्मा गर्न १० दिनको म्याद दिईनेछ। सो म्यादमा रकम जम्मा नगरेमा दोश्रो सकारकर्ताको धरौटी पनि जफत गरिनेछ।

१३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निगममा सुरक्षित रहने छ।

१४. बोलपत्रको सम्वन्धमा कुनै प्रकारको विवाद उत्पन्न भएमा निगमको निर्णय अन्तिम हुनेछ।

१५. अन्य थप जानकारी आवश्यक भएमा यस शाखा कार्यालय तथा नेपाल वन निगम लिमिटेड केन्द्रिय कार्यालय बबरमहल काठमाडौंमा सम्पर्क राखी बुझ्न सकिने छ।

## तपसिल

लट संख्या :-२ जम्मा परिमाण :- ५२९.६२(क्यु.फिट) मुल्याङ्कन रकम :- ६,१४,७९८।

लट संख्या :-१ जम्मा परिमाण :- ३१.९९(क्वीन्टल) मुल्याङ्कन रकम :- २९,९४२।६४

**जम्मा लट संख्या :-३** **जम्मा मुल्याङ्कन रकम :- ६,४४,७४०।६४**

| सि.नं | विवरण | उत्पादन आ.व | लट नं | जात | ईकाई | थान | परिमाण | मुल्याङ्कन रकम मु.अ.कर बाहेक | पुन मुल्याङ्कन बमोजिम घटेको प्रतिशत | काष्ठ पदार्थ रहेको स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चिरान काठ | २०७३/७४ | १ | साल | क्यु.फिट | २४३ | ६१.९० | ८७,८४२ | ६४% | भरतपुर कार्यालय परिसर |
| २ | चिरान काठ | २०७३/७४ | ५ | साल | | १८०८ | ४६७.७२ | ५,२६,९५६ | ५९% | |
| ३ | अफसाईज | - | ६ | साल | क्वीन्टल | - | ३१.९९ | २९,९४२।६४ | ६४% | |